# नेपाल धितोपत्र बोर्ड

## मौजुदा सूची दर्ता/अद्यावधिक गर्ने बारे।

**(प्रथम पटक प्रकाशित मितिः२०७३।०४। ।)**

यस बोर्डको लागि आर्थिक वर्ष २०७३/०७४ को लागि आवश्यक पर्ने देहायका मालसामान, अध्ययन, परामर्श सेवा तथा अन्य, विविध सेवा र मर्मत सम्भार कार्य गराउने प्रयोजनका लागि मौजुदा सूची अद्यावधिक गर्नका लागि इच्छुक फर्म तथा कम्पनीहरुबाट तोकिएका शर्तहरुको अधिनमा रही प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र बोर्डको कार्यालयमा दर्ताको लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोर्डमा सूचीकृत हुनका लागि आवश्यक योग्यता तथा शर्तहरु सहितको विस्तृत विवरण र निवेदन बोर्डको वेबसाइट www.sebon.gov.np बाट वा बोर्डको प्रशासन शाखामा सम्पर्क गरी प्राप्त गर्न पनि सकिनेछ।

**१. मसलन्द** (फोटोकपी पेपर, खाम, कलम, टोनर,कार्टेज आदि), **२.छपाई** (वार्षिक प्रतिवेदन, सेवोन जर्नल, त्रैमासिक न्यूजलेटर, बोर्डको लेटर हेड, कार्यालय खाम तथा कार्यालय फारम आदी) **३.अफिस फर्निचर** (स्टील तथा काठको वुक र्‍याक, सोफा, टि टेवुल कुर्सी आदि) **४.अफिस सरसामान** (कम्प्युटर, प्रिन्टर,सफ्टवेयर, प्रिन्टर टोनर, फोटोकपि मेशिन, पंखा हिटर,ब्याट्रीहरु लगायत ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक सामानहरु आदि) **५. विविध सेवा** (आन्तरिक तथा बाह्य कुरियर सेवा , खानेपानी, सरसफाई सामाग्रीहरु /सुरक्षा गार्ड /आन्तरिक तथा बाह्य हवाइ तथा वस र अन्य यातायात सेवा, विज्ञापन, सूचना प्रकाशन, प्रशारण, इन्टरनेट सेवा आदि) **, ६. मर्मत सम्भार** ( कार्यालयको सवारी साधन, विद्युत , पानी तान्ने पम्प, जेनेरेटर, फोटोकपी मेशिन, कम्प्युटर तथा कार्यालय फर्निचर आदि), **७. परामर्श सेवा तथा अन्य** (पूँजीबजार सम्बन्धी अध्ययन अनुसन्धान, धितोपत्र कारोवार सम्बन्धी कानूनी परामर्श लगायत आदि)

**प्रशासन शाखा**
जावलाखेल, ललितपुर।
फोन : ५५४१०५७, ५०००१०२, ५०००१०७

**शर्तहरुः**

१. इच्छुक फर्म/कम्पनीले आपूर्ति गर्न चाहेको मालसामान वा सेवा वा मर्मत सम्भारको विवरण उल्लेख गरिएको प्रस्ताव यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र जावलाखेल, ललितपुर स्थित नेपाल धितोपत्र बोर्डको कार्यालयमा पेश गरिसक्नुपर्नेछ।

२. इच्छुक फर्म/कम्पनीले प्रस्तावसाथ अद्यावधिक फर्म रजिष्ट्रेशन, आयकर दर्ता तथा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने फर्म/कम्पनीको मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। साथै आर्थिक वर्ष २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

३. इच्छुक फर्म/कम्पनी कुनै सामग्री आधिकारिक वितरक भएमा सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

४. इच्छुक फर्म/कम्पनीले प्रस्तावको साथ आफ्नो फर्मको प्रोफाइल पनि पेश गर्नुपर्नेछ।

५. इच्छुक फर्म/कम्पनीको चालू अवस्थाको कार्यालय रहेको हुनुपर्नेछ।

६. इच्छुक फर्म/कम्पनीले आ.ब. २०७२।०७३ भित्र काठमाडौंस्थित सरकारी संघसंस्था, बैंक तथा वित्तीय संस्थामा सम्बन्धित मालसामान वा सेवा आपूर्ति गरेको हुनुपर्नेछ।

७. इच्छुक फर्म/कम्पनीले आपूर्ति गर्न चाहेको मालसामान वा सेवा जस्ता शिर्षक १ देखि ७ सम्मको प्याकेज मध्ये कुनै एक शिर्षकको लागि मात्र निवेदन पेश गर्न सक्नेछ।

८. आ.ब. २०७२।०७३ मा बोर्डको मौजुदा सूचीमा सूचिकृत रहेका संस्थाले मौजुदा सूचीमा अद्यावधिक गरिपाउन आ.ब. २०७१।०७२ को कर चुक्ता गरेको प्रमाण सहितको निवेदन मात्र पेश गरे पुग्ने छ।

९. आवेदकले आपूर्ति गरेको अनुभवको आधारमा एउटा मात्र मालसामान आपूर्तिको लागि सूचीकरण गर्न सकिनेछ।

१०. प्राप्त प्रस्तावहरु कुनै कारण देखाई वा नदेखाई स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित हुनेछ।

११. अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयमा यस बोर्डको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ । यो सूचना बोर्डको वेबसाइट www.sebon.gov.np मा समेत हेर्न सकिन्छ।

मिति :

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

**विषय : सूचिकरण गरिदिने बारे ।**

महोदय,

त्यस बोर्डबाट मिति .........गतेको ....................................................दैनिकमा प्रकाशित सूचना बमोजिम देहाय अनुसारको कार्य गर्न इच्छुक भएकोले तहाँको सूचीमा सूचिकरण गरिदिनुहुन आवश्यक विवरण तथा कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

**सूचिकृत हुन चाहेको शिर्षकः**

१. मसलन्द

२. छपाई

३.अफिस फर्निचर

४.अफिस सरसामान

५. विविध सेवा

६. मर्मत सम्भार

७. परामर्श सेवा तथा अन्य

**फर्म/कम्पनीको नाम :**

**फर्म/कम्पनीको ठेगाना तथा फोन नं.:**

**आधिकारिक दस्तखतः**

**सम्पर्क व्यक्तिको नाम र फोन/मोबाइल नं.:**

**संलग्न कागजातहरु** (थान...............)**:**
१).......................................
२)...........................................
३).......................................
४)...........................................
५)...........................................